## वैठक नं. ७

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० बमोजिम गठन भएको उच्च सरकारी वकील कार्यालय, तुलसीपुर तहको समन्वय समितिको वैठक आज मिति २०८२।०५।१९ गते बिहिबार, उच्च सरकारी वकील कार्यालय, तुलसीपुरमा देहायको उपस्थितिमा वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री नगेन्द्र लम्साल, निमित्त सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुरः अध्यक्ष

श्री विश्वप्रकाश अर्याल, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दाङः सदस्य

श्री शारदाप्रसाद चौधरी, प्रहरी बरिष्ठ उपरीक्षक, लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङः सदस्य

श्री टिकाकुमारी रोका (के.सी.), सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय (उसवका), तुलसीपुरः सदस्य सचिव

**आमन्त्रित**

श्री यमप्रसाद बास्कोटा, रजिष्ट्रार, उच्च अदालत तुलसीपुर

श्री मन्जु बुढाथोकी, सहायक न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर

**प्रस्तावहरु**

१) सवारी ज्यान र अङ्गभङ्ग मुद्दाको अनुसन्धान सम्बन्धमा ।

२) बरामद सामाग्री, घटनास्थल र प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाहरुको फोटो, उमेर र परिचय खुल्ने कागजात मिसिलमा संलग्न गर्ने सम्बन्धमा ।

३) मुद्दासँग सम्बन्धित जाहेरवाला र अनुसन्धानमा बुझिएका मानिसहरुको उमेर र परिचय खुल्ने विवरण मिसिलमा समावेश गर्ने सम्बन्धमा र फरेन्सिक जाँच परिक्षण प्रतिवेदन सम्बन्धमा ।

४) गोप्य कागजातहरुलाई पञ्जिका सहित फाइलमा खामबन्दी गरी सक्कल र नक्कल मिसिलमा संलग्न गर्ने सम्बन्धमा ।

५) प्रतिवादी किटान भएका वा पत्ता लागेका अनुसन्धान लामो अवधीसम्म नटुङ्गिएका नेपाल सरकारवादी हुने फौजदारी कसूरका मुद्दाको अनुसन्धान टुङ्गो लगाई सरकारी वकील समक्ष पेश गर्ने सम्बन्धमा ।

६) प्रहरी अनुसन्धान अधिकारीबाट अनुसन्धान गरिने मुद्दाहरुमा प्रभावकारी अनुसन्धान र अभियोजन गर्न उच्च सरकारी वकील कार्यालय, तुलसीपुर मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरु र प्रहरी अनुसन्धान अधिकारी बीच सरोकारवाला निकायसँग समन्वय गरी अनुसन्धान र अभियोजन विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

७) वन र वन्यजन्तु सम्बन्धि मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धमा ।

८) नेपाल सरकारको हक हित सरोकारसँग सम्बन्धित र सरकारी सार्वजनिक सम्पत्तिसँग सम्बन्धित मुद्दा र रिट निवेदनको लिखित जवाफको तयारी र प्रतिरक्षा सम्बन्धमा।

९) महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८२।०४।२८ गते सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को कार्यान्वयन तथा अनुसन्धान अभियोजन सम्बन्धमा भएको निर्देशन सम्बन्धमा ।

१०) उच्च सरकारी वकील कार्यालय तुलसीपुरको संरक्षणमा रहेको शोभा भगवती मन्दिरको जग्गाको संरक्षण सम्बन्धमा ।

निर्णयहरू:

१) **प्रस्ताव नं १ को** सवारी ज्यान र अङ्गभङ्ग मुद्दाको अनुसन्धान सम्बन्धमा छलफल गर्दा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङले मातहत अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुलाई समन्वय गरी सवारी ज्यान र सवारी अङ्गभङ्ग मुद्दामा तयार गरिने सडक दुर्घटना प्रतिवेदनसँगै वारदात स्थलमै दुर्घटनामा परेको सवारी साधन, दुर्घटनामा परेको व्यक्तिको वारदात स्थलमै फोटो खिच्न सम्भव भए सो फोटो र दुर्घटना भएको स्थानको विभिन्न कोणबाट रंगिन फोटो खिची फोटो खिचेको समय, मिति र फोटो खिच्ने व्यक्तिको नाम सहित फोटोको ब्याख्यात्मक विवरण सहित सक्कल र नक्कल मिसिलमा समावेश गर्ने सम्बन्धमा परिपत्र गर्ने । सडक दुर्घटना प्रतिवेदनको स्केचमा दुर्घटना स्थलमा पुग्ने ट्राफिक प्रहरीले विस्तृत रुपमा दुर्घटनास्थलको विस्तृत स्केच विवरण बुझिने सरल भाषामा तयार गरी लापरवाही र नियतसाथ दुर्घटना भएको भए सो विवरण समेत समावेश गर्ने । दुर्घटना गराउने व्यक्तिहरुको सवारी चालक अनुमति पत्र सम्बन्धी विवरण र सवारी धनीको विवरण यातायात कार्यालयहरुसँग माग गरी मिसिलमा समावेश गर्ने । सवारी दुर्घटना गराउने व्यक्तिहरुको तत्काल नजिकको अस्पतालमा मादक पदार्थ सेवन सम्बन्धी

२०८२।५।१९

जाँच चिकित्सकसँग गराई मादक पदार्थ सेवन गरेको लक्षणहरु देखिए के कुन विधिबाट जाँच गरिएको हो सो समेत उल्लेख गर्न लगाउने निर्णय गरियो।

साथै सडक दुर्घटना प्रतिवेदन आवश्यक परिमार्जन गर्ने र सवारी साधनको मेकानिकल चेकजाँच प्रतिवेदनको निश्चित ढाँचा तोकिएको नदेखिँदा सो अनुसारको ढाँचा तयार गरी परिमार्जित सडक दुर्घटना प्रतिवेदन र दुर्घटनामा परेको सवारी साधनको मेकानिकल चेक जाँच प्रतिवेदन सवारी तथा यातायात ब्यवस्था नियमावली, २०५४ को अनुसूचीमा समावेश गर्न उपयुक्त हुने देखिँदा सो अनुसार गराउने व्यवस्थाका लागि समन्वय समितिको सचिवालय महान्यायाधिवक्ताको कार्यालय, र प्रहरी प्रधान कार्यालयमा समन्वय गर्ने।

२) **प्रस्ताव नं २ को** बरामद सामाग्री, घटनास्थल र प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाहरुको फोटो, उमेर र परिचय खुल्ने कागजात मिसिलमा संलग्न गर्ने सम्बन्धमा छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुर अन्तर्गतका मातहत कार्यालयहरुबाट प्राप्त मिसिल अध्ययन गरी हेर्दा प्रहरी र अन्य निकायबाट अनुसन्धान गरिने अधिकाशं मुद्दाहरुमा बरामद सामाग्रीको फोटो, घटनास्थलको फोटो र प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाहरु पक्राउ परेपछिको हालसालैको खिचिएको फोटो मिसिलमा संलग्न नभएको पाइएकाले अनिवार्य रुपमा मिसिल संलग्न गराउने सम्बन्धमा उच्च सरकारी वकील कार्यालय तुलसीपुरको कार्यक्षेत्र अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयहरुले प्रहरी र अन्य अनुसन्धान गर्ने निकायलाई जानकारी गराउने निर्णय गरियो । कानूनको विवादमा परेका बालबालिकाहरुको हालसालै खिचेको फोटो गोप्य कागजातमा समावेश गर्ने। प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको बयान/सोधपुछसँगै उमेर र परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने । कानूनको विवादमा परेका बालबालिकाको सोधपुछमा रोहवरमा राखिएका व्यक्तिहरु र अनुसन्धानको क्रममा दोभाषेको प्रयोग गरी रोहवरमा राखिएको भए निजको समेत परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने सम्बन्धमा मातहत जिल्ला सरकारी वकील कार्यालयहरु मार्फत अनुसन्धान गर्ने निकायलाई जानकारी गराउने निर्णय गरियो।

३) **प्रस्ताव नं ३ को** मुद्दासँग सम्बन्धित जाहेरवाला र अनुसन्धानमा बुझिएका मानिसहरुको उमेर र परिचय खुल्ने विवरण मिसिलमा समावेश गर्ने सम्बन्धमा र फरेन्सिक जाँच परिक्षण प्रतिवेदन सम्बन्धमा छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुरमा मातहत कार्यालयहरुबाट प्राप्त मिसिल अध्ययन गरी हेर्दा अधिकाशं मिसिलमा अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको परिचय खुल्ने कागजात मिसिल संलग्न भएको नपाइएकाले मुद्दासँग सम्बन्धित जाहेरवालाको जाहेरी दरखास्तसँगै, पीडितको मौकाको कागज सँगै तथा अनुसन्धानमा बुझिएका

२०८२।५।१९

मानिसहरुको घटनाविवरण कागजसँगै सरकारी निकायद्वारा जारी परिचय र उमेर खुल्ने कागजात अनिवार्य रुपमा अनुसन्धान गर्ने निकायले मिसिलमा समावेश गर्ने। अनुसन्धान गर्ने निकायले अनुसन्धानको क्रममा बुझिएका मानिसहरुको घटनाविवरण कागजमा रोहवरमा राखिएको वा दोभाषेको प्रयोग गरिएको भए निजहरुको समेत परिचय खुल्ने कागजात मिसिल संलग्न गर्ने । जाहेरवाला र पीडित सहित बुझिएका मानिसहरुको सम्पर्क नम्बर अनुसन्धान प्रतिवेदनमा समावेश गरी अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाउनुपर्ने निर्णय गरियो । अनुसन्धानको सिलसिलामा कुनै विशेषज्ञको मुद्दाको विषयमा सहयोग लिएको भए निजको विशेषज्ञता खुल्ने परिचय पत्र र विवरण समेत मिसिलमा संलग्न गर्ने।

फरेन्सिक जाँच परिक्षण प्रतिवेदन अन्तर्गत मृतकको शव परीक्षण प्रतिवेदन, यौनजन्य अपराध सम्बन्धी शारीरिक परिक्षण प्रतिवेदन र घा जाँच प्रतिवेदनमा शरिरमा लागेका घाउ चोट र पींडाको विस्तृत विवरण र त्यसको असरका सम्बन्धमा सरल नेपाली भाषामा समेत अनुसन्धान अधिकारीले सम्बन्धित चिकित्सकलाई उल्लेख गर्न लगाउने निर्णय गरियो।

४) प्रस्ताव नं ४ को गोप्य कागजातहरुलाई पञ्जिका सहित फाइलमा खामबन्दी गरी सक्कल र नक्कल मिसिलमा संलग्न गर्ने सम्बन्धमा छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुरमा प्राप्त केही मुद्दाको मिसिलहरु हेर्दा मुद्दाको अनुसन्धानको क्रममा तयार भएका गोप्य कागजातहरु पञ्जिका सहित छुट्टै खामबन्दी गरेको नपाइएकोले मुद्दाको सिलसिलामा तयार गरिएका त्यस्ता गोप्य कागजातहरुको सक्कल जुन मुद्दाको सुनुवाइको क्रममा मुद्दा हेर्ने निकाय र नक्कल फाईलको कागजात अभियोजनकर्ता सरकारी वकीलले मात्र हेर्न मिल्ने गरी अनुसन्धान गर्ने निकायले अनुसन्धान प्रतिवेदन बुझाउँदा गोप्य कागजातहरुलाई पञ्जिका सहित खामबन्दी गरी सक्कल र नक्कल अनिवार्य रुपमा मिसिलमा संलग्न गर्ने सम्बन्धमा मातहत सरकारी वकील कार्यालयहरुले अनुसन्धान गर्ने निकायलाई जानकारी गराउने निर्णय गरियो ।

५) प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा प्रतिवादी किटान भएका वा पत्ता लागेका अनुसन्धान लामो अवधीसम्म नटुङ्गिएका नेपाल सरकारवादी हुने फौजदारी कसूरका मुद्दाको अनुसन्धान वर्षौं सम्म पुरा नहुँदा पीडितले न्यायको अनुभुति महसुस नगर्ने र वारदात भएको लामो समयपछि त्यस किसिमका मुद्दाहरु मुद्दा हेर्ने निकायमा पेश गर्दा अनुसन्धानको क्रममा बुझिएका जाहेरवाला, प्रत्यक्षदर्शी र पीडित सहितका मानिसहरु सम्पर्कमा नहुने र क्यौंको मृत्यु समेत भइसकेको हुने अवस्था उच्च सरकारी वकील कार्यालय, तुलसीपुरमा मातहत कार्यालयहरुबाट प्राप्त मिसिलबाट देखिएकोले त्यसको असर विभिन्न कोणबाट न्याय सम्पादनमा पर्ने देखिदा सो तर्फ

२०८२।५।१९

सम्बन्धित अनुसन्धान गर्ने निकायले सरकारी वकीलसँग परामर्श गरी समन्वयात्मक रुपमा कार्य गर्ने निर्णय गरियो ।

६) **प्रस्ताव नम्बर ६ का सम्बन्धमा** छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुर मातहतको जिल्ला सरकारी वकील कार्यालयहरुको कार्य क्षेत्र भित्र पर्ने दाङ, प्युठान, रोल्पा र रुकुम (पूर्वी भाग) जिल्लामा प्रहरीबाट अनुसन्धान गरिने मुद्दाहरुमा प्रभावकारी अनुसन्धान र अभियोजन गर्न उच्च सरकारी वकील कार्यालय तुलसीपुर मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकील र प्रहरी अनुसन्धान अधिकारी बीच सरोकारवाला निकायसँग समन्वय गरी अनुसन्धान र अभियोजन विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ र उच्च सरकारी वकील कार्यालय, तुलसीपुरले आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

७) **प्रस्ताव नम्बर ७ को** वन र वन्यजन्तु सम्बन्धि मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धमा छलफल गर्दा वन र वन्यजन्तु सम्बन्धि मुद्दाको अनुसन्धान निकुञ्ज क्षेत्रको संघ अन्तर्गतको सम्बन्धित निकुञ्ज कार्यालयहरु र निकुञ्जको कार्यक्षेत्र भन्दा बाहिरका क्षेत्रमा घटेका वन र वन्यजन्तु सम्बन्धि मुद्दाको अनुसन्धान प्रदेश सरकार अन्तर्गतका सम्बन्धित वन कार्यालयहरुबाट भइरहेको छ । यी मुद्दाहरुको अनुसन्धान सम्बन्धित अनुसन्धान अधिकारीबाट पुरा भएपछि सरकारी वकीलबाट अभियोजन सम्बन्धि निर्णय भई सम्बन्धित अनुसन्धान अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष अभियोग पत्र दायर भइरहेको छ। वन र वन्यजन्तु विषयमा उच्च सरकारी वकील कार्यालय तुलसीपुरमा मातहत कार्यालयहरुबाट प्राप्त मिसिल हेर्दा अनुसन्धान अधिकारीले अभियोजन गरेका मुद्दमा अभियोगपत्रमा एकरुपता नहुने र संलग्न भएका प्रमाण कागजातहरुमा प्रकृयागत कार्यविधि त्रुटि समेत देखिने गरेको छ। यसैगरी उच्च सरकारी वकील कार्यालय तुलसीपुरमा जिल्ला सरकारी वकील कार्यालय, दाङबाट प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वुटवल सम्पर्क कार्यालय नेपालगंजको च.नं. ७८७९-२४३७९, मिति २०७८।११।२५ को पत्र जाहेरीले नेपाल सरकार वादी र प्रतिवादी मानबहादुर घर्ति भएको विना ईजाजत रुख कटान गरी काठ ओसार पसार गरेको (दाङ जिल्ला अदालतको मुद्दा नम्बरः०७९-C2-००१६) मुद्दामा सरकारी वकीलको अभियोजन निर्णयलाई बेवास्ता गरी वन अनुसन्धान अधिकारीले अभियोग पत्र दायर गरेको देखिएकोले वन र वन्यजन्तु सम्बन्धी मुद्दामा अनुसन्धानको कार्यविधि र अनुसन्धान अधिकारीको क्षमता अभिवृद्धि र अनुसन्धान र अभियोजन निर्णय गर्ने निकाय बीच समन्वय र समान बुझाईमा एकरुपता कायम गर्नका लागि आवश्यक पहल गर्न वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० बमोजिम गठन भएको केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण एकाइ र

२०८१।५।१९

लुम्बिनी प्रदेश सरकार अन्तर्गत वन तथा वातावरण मन्त्रालयका सचिवको संयोजकत्वमा रहेको प्रदेश वन्यजन्तु अपराध नियन्त्रण एकाईमा जानकारी गराउने निर्णय गरियो । यस विषयमा जिल्ला सरकारी वकील कार्यालय तहको समन्वय समितिले सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।

८) **प्रस्ताव नम्बर ८ को** नेपाल सरकारको हक हित सरोकारसँग सम्बन्धित र सरकारी सार्वजनिक सम्पत्तिसँग सम्बन्धित मुद्दा र रिट निवेदनको अदालतमा प्रस्तुत गरिने लिखित जवाफको तयारी र प्रतिरक्षा सम्बन्धमा उच्च सरकारी वकील कार्यालय तुलसीपुरले संघीय सरकारी कार्यालय र सरोकारवाला कार्यालयबीचको सहभागीतामा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो । यस किसिमको अन्तरक्रिया कार्यक्रम प्रत्येक जिल्लामा जिल्ला सरकारी वकील कार्यालयहरुबाट आयोजनाका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुसँग समन्वय गरी गर्ने ।

९) **प्रस्ताव नम्बर ९ को** महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८२।०४।२८ गते सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को कार्यान्वयन तथा अनुसन्धान अभियोजन सम्बन्धमा भएको निर्देशन सम्बन्धमा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालय, कर्मचारी प्रशासन शाखाबाट चलानी नम्बरः १९३, मिति २०८२।०४।२८ गते सम्पत्ति शुद्धीकरण सम्बन्धी विषयमा पत्रले निर्देशन गरे बमोजिम सम्पत्ति शुद्धिकरण सम्बन्धी कसूरका मुद्दामा अनुसन्धान अभियोजनको कार्यमा जिल्ला सरकारी वकील कार्यालयहरु, अनुसन्धान गर्ने निकाय जिल्ला प्रहरी कार्यालयहरु, अनुसन्धान गर्ने प्रहरी कार्यालयहरु तथा अनुसन्धान गर्ने अन्य निकायहरुले तदारुकताका साथ कार्यान्वयन गर्ने तथा अनुसन्धान गर्ने निकायहरुले पक्राउ परेका प्रतिवादीहरुलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी फारम भराउन लगाई मिसिलमा समावेश गर्ने निर्णय गरियो ।

१०) **प्रस्ताव नम्बर १० को** उच्च सरकारी वकील कार्यालय तुलसीपुरको संरक्षणमा रहेको कार्यालय हाता भित्र रहेको शोभा भगवती मन्दिरको जग्गाको संरक्षण सम्बन्धमा छलफल गर्दा उच्च सरकारी वकील कार्यालय तुलसीपुरबाट संरक्षित शोभा भगवती मन्दिरको नाममा रहेको जग्गाहरु तुलसीपुर उपमहानगरपालिका वडा नं ६ अन्तर्गतको ६क कित्ता नम्बर ३५, क्षेत्रफल ३-१३-११, ६ख कित्ता नम्बर १९७, क्षेत्रफल २-०-१३ र ५ख कित्ता नम्बर १५० क्षेत्रफल ०-१९-११ का जग्गाहरु ऐतिहासिक तथा धार्मिक महत्वको सम्पत्ति भएकोमा उक्त सम्पत्तिको संरक्षण, व्यवस्थापन र उचित उपयोग तथा अतिक्रमण गरिएका जग्गाहरुमा घर निमार्ण गरी समेत प्रयोग गरिएकाले अतिक्रमण हटाउन र खालि गर्नका लागि सरोकारवालबीच समन्वय गर्ने । उक्त जग्गाहरुबाट प्राप्त आम्दानीबाट मन्दिरको दैनिक पूजा कार्य,

२०८२।५।१९

मन्दिरको मर्मत सम्भार र संरक्षण गर्नुपर्ने भएकाले यस विषयमा सरोकारवाला निकायबीच आवश्यक समन्वय गर्ने। यसैगरी मिति २०८२।५।४ गते शोभा भगवती मन्दिरको नाममा रहेको जग्गाको संरक्षण, व्यवस्थापन र उपयोगमा आपसी समन्वय गर्ने सम्बन्धमा उच्च सरकारी वकील कार्यालय तुलसीपुर र तुलसीपुर उपमहानगरपालिका बीच सम्पन्न भएको करार सम्झौताका विषयमा समेत वैठकमा जानकारी गराई छलफल गरिएको थियो। उच्च सरकारी वकील कार्यालय तुलसीपुरबाट शोभा भगवती मन्दिरको जग्गामा अतिक्रमण गरी बनाइएका घर जग्गा खाली गराइदिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय दाङबाट मिति २०८०।१२।५ मा कानून विपरित अतिक्रमण भएका सरकारी तथा सार्वजनिक जग्गा समेतको सम्बन्धमा जारी भएको सूचना समेतलाई आधार बनाई उच्च सरकारी वकील कार्यालय, तुलसीपुरबाट चलानी नम्बर १३९७, मिति २०८१।०१।१७ गते घर जग्गा खाली गराइदिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय दाङलाई सम्बोधन गरी लेखिएको पत्रको कार्यान्वयन सम्बन्धमा सरोकारवाला बीच समन्वय गर्ने।

२०८२।५।१६

नगेन्द्र लम्साल
निमित्त सहन्यायाधिवक्ता

श्री उच्च सरकारी वकील कार्यालय
तुलसीपुर
२०७३